PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
('A' Class Institution Licensed by Nepal Rastra Bank)

KAMALPOKHARI, KATHMANDU, NEPAL
P.O.BOX NO.15202
Phone No.: 4423432, 4423433, 4423436
Fax: 4425955
SWIFT: PCBLNPKA e-mail: info@pcbl.com.np
www.primebank.com.np

च.नं.PCBL/३३३२/०७७/७८

मिति : २०७७/०९/०७

श्री नेपाल स्टक एक्चेञ्ज लिमिटेड,
सिहदरबारप्लाजा, काठमाण्डौ ।

**विषय : साधारण सभा बस्ने तथा शेयरधनी दर्ता किताब बन्द (Book Closure) सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा यस बैंकको मिति २०७७/०९/०७ गते तद्नुसार २२ डिसेम्बर २०२० समय साझ ४:०० बजे बसेको संचालक समितिको ४१२ औं बैठकले निर्णय गरे मुताविक मिति २०७७/०९/२९ गते तद्नुसार १३ जनवरी २०२१ बुधबारका दिन बैंकको केन्द्रीय कार्यालय, कमलपोखरीमा बिहान १०:०० बजे बैंकको तेह्रौं वार्षिक साधारण सभा बस्ने तथा मिति २०७७/०९/२० गते बैंकको शेयर दाखिल खारेजको कार्य बन्द गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साधारण सभा सम्वन्धी सूचना मिति २०७७ पौष ८ गते बुधबारको कारोवार राष्ट्रिय दैनिक पत्रीकामा संलग्न बमोजिम प्रकाशित गरिएको व्यहोरासमेत जानकारीको लागि अनुरोध छ ।

भवदीय,

..................
सन्तोष बराल
कम्पनी सचिव

बोधार्थ,

१. नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतली सडक, काठमाण्डौ ।

३. श्री सिभिल क्यापीटल मार्केट लिमिटेड
सि.टि.सि.महल, सुन्धारा काठमाण्डौ ।

**PRIME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**रजिष्टर्ड केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ**
**को**

# तेह्रौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७ पुष ८ गते बुधबार**

मिति २०७७/०९/०७ (तद्नुसार २२ डिसेम्बर, २०२०) गते बसेको संचालक समितिको ४१२ औं बैठकको निर्णयानुसार यस बैंकको तेह्रौ बार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिकोलागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समयः**

**सभा हुने मिति** : २०७७/०९/२९ गते, बुधबार (तद्नुसार १३ जनवरी, २०२१) ।
**स्थान** : प्राइम कमर्सियल बैक लिमिटेड, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ ।
**सभा शुरू हुने समय** : बिहान १०:०० बजेदेखि ।

(कोभिड-१९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाइन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुनसक्ने गरी शेयरधनी महानुभावहरूलाई Meeting को ID तथा Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू :**

१. आर्थिक बर्ष २०७६/७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. साविक कन्काई विकास बैक लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात, मिति २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
४. बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७७/७८ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (☆ बर्तमान लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स, चाटर्ड एकाउन्टेण्ट्स पूनः नियुक्त हुन सक्ने ।)

**(ख) बिशेष प्रस्तावहरू :**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम बैकको चुक्ता पूँजीको १५% (पन्ध प्रतिशत) (रु २,०९,७७,८७,४२५/-) बोनस शेयर जारी गर्ने र सोही बमोजिम बैकको प्रवन्ध-पत्र तथा नियमावली संशोधन गर्ने ।
२) बैकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्तामा संशोधन गर्ने र सोही बमोजिम बैकको नियमावली संशोधन गर्ने ।
३) यस बैक तथा अन्य कुनै बैक तथा वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्ने सन्दर्भमा आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्वन गरी एक आपसमा मर्ज (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्नकालागि संचालक समितिलाई सम्पूर्ण अख्तियार प्रदान गर्ने ।
४) निम्न बमोजिम बैकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन/थप गर्ने
   क) बैकले बोनस शेयर जारी गरे पश्चात बैकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएको हुनाले प्रवन्ध पत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।
   ख) नियमावलीको नियम ३२(ग) मा संशोधन गर्ने ।
५) प्रबन्ध पत्र र नियमावलीमा भएको संशोधनमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैक, नेपाल धितोपत्र बोर्ड आदि) ले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न बैकको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,
सन्तोष बराल
कम्पनी सचिव

**साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू :**

१. मिति २०७७/०९/२० गतेका दिन एक दिन बैकको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०९/१९ गते सम्म कारोबार भई ७ कार्य दिनभित्र यस बैकको शेयर रजिष्ट्रार, सिभिल क्यापिटल मार्केट्स लि., काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, बोनस शेयर पाउन सक्नु हुनेछ ।

२. विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरूको सम्मान एवं परिपालना गर्दै अनलाईन (भर्चुअल) (Zoom) को माध्यमबाट सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने व्यवस्था समेत मिलाइएको हुँदा कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट उपस्थित भैदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध छ ।

३. अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट उपस्थित भई साधारण सभामा सहभागी हुन तथा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित बैकले जारी गरेको शेयर प्रमाणपत्र/DMAT खाता खोलिएको प्रमाणको स्क्यान कपी समावेश गरी कम्पनी सचिवको ईमेल ठेगाना santosh.baral@pcbl.com.np मा ईमेल पठाउनु पर्नेछ । यसरी प्राप्त भएका ईमेलमा अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting को ID र Password उपलब्ध गराइने छ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने शेयरधनी महानुभावहरूलाई सभास्थलमा उपस्थित भए सरह मान्यता दिने व्यवस्था गरिएको छ । सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावले लिखित रूपमा आफ्नो राय/सुझाव email मार्फत समेत दिन सक्ने व्यवस्था मिलाइएको छ ।

४. वार्षिक साधारण सभामा भौतिक रूपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ । कोरोना भाइरस (कोभिड १९) महामारीको कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभास्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न/बचाउनको लागि आवश्यक पर्ने मास्क/पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरू प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन । हाजिरी पुस्तिका बिहान ९ बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ ।

५. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले बैकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै अर्थात् मिति २०७७/०९/२८ गते विहान १० बजे भित्र बैकको केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौमा दर्ता गराई सक्नुपर्नेछ ।

६. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट बैकको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन, प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

७. संयुक्त रूपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनुहुनेछ ।

८. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा सुरू हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै सो को सूचना बैकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

९. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुहुन अनुरोध छ ।

१० सभा शुरु भन्दा १ घण्टा अगावै अनलाईन (भर्चुअल) (Zoom) माध्यम खुला गरिने छ ।